# गेरुवा गाउँपालिकाको
# आर्थिक सहायता कार्यविधि, २०७६

**प्रथम संशोधन, २०७८/०३/१०**

गेरुवा गाउँपालिकामा छिटो, छरितो, मितव्ययी, पारदर्शी रुपमा आर्थिक सहायता प्रदान गर्न, गाउँपालिकाको कोषको सही सदुपयोग गरी गरिब, विपन्न, असहायहरु, विभिन्न रोगबाट पिडीत तथा ग्रसित दिर्घरोगी, दुर्घटना परेको, ठुलो शल्यक्रिया गर्नुपर्ने अवस्थामा रहेका व्यक्तिहरुको सहायताको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ७ ले दिएको अधिकार प्रयोग गरी गेरुवा गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम " **गेरुवा गाउँपालिकाको आर्थिक सहायता कार्यविधि, २०७६"** रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरेको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्छ ।

(ख) "गाउँपालिका" भन्नाले गेरुवा गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ग) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(घ) "प्रमूख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ वमोजिमको प्रमूख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ङ) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(च) "गाउँवासी" भन्नाले गाउँपालिकामा अस्थायी/स्थायी रुपले बसोबास गर्ने व्यक्ति, गाउँपालिकाको कर्मचारी, गाउँपालिकामा बेवारिसे रुपमा फेला परेका व्यक्तिलाई सम्झनु पर्छ ।

(च) "आर्थिक सहायता" भन्नाले गेरुवा गाउँपालिकाबाट प्रदान गरिने आर्थिक सहयोग सम्झनु पर्छ ।

## परिच्छेद-२

## आर्थिक सहायता सम्बन्धी मापदण्ड

३. मापदण्डः गाउँपालिकाले प्रदान गर्ने आर्थिक सहायताको मापदण्ड देहाय बमोजिम हुनेछ ।

१) दुर्घटना : गाउँपालिका क्षेत्रमा कुनै ठुलो दुर्घटना भई गरिबी र विपन्नताको कारण पारिवारिक आर्थिक स्रोत नभएको अवस्था तथा तत्काल उद्दार एवं उपचार गराउनु पर्ने अवस्थामा रु २ हजार देखि ५ हजार सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिने छ।

२) दिर्घरोग तथा अन्य उपचार : गाउँपालिकावासीहरु मध्ये दिर्घरोग (किड्नी फेल तथा डाईलोसिस गर्नु पर्ने अवस्था, मुटुको उपचार, क्यान्सर) लागेको अवस्था भएको तथा गरिबी र विपन्नता कारण पारिवारिक आर्थिक स्रोत नभएकाले उपचार गराउन नसकी समस्यामा परेको व्यक्तिलाई अवस्था हेरी एक पटकमा २ हजार देखी १० हजार सम्म उपलव्ध गराउन सकिने छ।

३) प्राकृतिक विपत्ति तथा विपद्मा परेका घरबार विहिन व्यक्तिहरुः यस गाउँपालिका क्षेत्रमा प्राकृतिक विपत्ति तथा विपद् परि धनजनको क्षति भई सामाजिक जीवनयापनमा प्रतिकुल असर परेकोमा अवस्था हेरी एक पटकमा रु २ हजार देखि ५ हजार सम्म सहायता दिन सकिनेछ।

*४) मिति २०७४/०४/०१ गते यता बाट बन्यजन्तुको आक्रमणमा परी निधन भएका गेरुवा गाउँपालिकामा बसोबास गर्ने नागरिकहरुलाई प्रति व्यक्ति एक पटकका लागि रु. ५०,०००/- रुपैया आर्थिक सहायता स्वरुप उपलब्ध गराईनेछ।

## परिच्छेदः–३

## आर्थिक सहायता भूक्तानी प्रकृया

४. भुक्तानी प्रकृया : आर्थिक सहायताको भूक्तानी प्रकृया देहाय बमोजिम हुनेछ।

१) दफा ३ को उपदफा (१) (२) (३) बमोजिमको आर्थिक सहायता माग गर्ने व्यक्तिले देहाय बमोजिमका कागजात साथै राखी गाउँपालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछ।

क) नागरिकताको प्रतिलिपी, आवश्यकता अनुसार वडा कार्यालयको सिफारिस।

ख) उपचारको हकमा अस्पतालले चेकजाँच गरेको कागजात समेत।

ग) प्राकृतिक विपत्ति तथा विपद्को हकमा प्रहरी सर्जमिन मुचुल्का समेत।
घ) रेडक्रसको विपद सर्वेक्षण सम्बन्धि फारम।

२) उपदफा १) र २) बमोजिमका कागजात अध्ययन गरी दफा ३ को मापदण्ड अनुसार प्रमुख प्रशासकीय अधिकृतबाट रु ३, ०००।- सम्म र सो भन्दा बढी अध्यक्षको तोक आदेशमा गाउँपालिकाबाट आर्थिक सहायता उपलब्ध गराउनु पर्नेछ।

*-प्रथम संशोधन बाट थप गरिएको।

४) गाउँपालिकावासीलाई दफा ३ बमोजिमको मापदण्ड अनुसारको सहायता न्यून हुने र सो भन्दा बढी सहायता उपलब्ध गराउन उपयुक्त हुने मनासिव कारण भएमा निजको निवेदन र प्रमाण समेत गाउँ कार्यपालिकाको बैठकमा पेश गरी निर्णय भए अनुसार आर्थिक सहायता उपलब्ध गराउनुपर्नेछ ।

५) सहायता रकम चेक मार्फत उपलब्ध गराउनु पर्ने छ ।

५. बचाउः यस कार्यविधि जारी गर्नु भन्दा पहिले गाउँपालिकाबाट भएको आर्थिक सहायता यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।